（ネパール語）

# रेईवा 5 (2023) साल अक्टोबर 1 तारिख देखि व्यापारिक सशुल्क फोहोर संकलन टिकटको शुल्कलाई संशोधन गरिएको छ।




2023साल अक्टोबर संशोधन

| टिकटको प्रकार | पुरानो शुल्क | संशोधित शुल्क | भिन्नता |
|---|---|---|---|
| 10 लिटर टिकट (1सेटमा 10वटा) | 760 येन | **870 येन** | 110 येन (1प्रति टिकटको 11येन) |
| 20 लिटर टिकट (1सेटमा 10वटा) | 1,520 येन | **1,740 येन** | 220 येन (1प्रति टिकटको 22येन) |
| 45 लिटर टिकट (1सेटमा 10वटा) | 3,420 येन | **3,910 येन** | 490 येन (1प्रति टिकटको 49येन) |
| 70 लिटर टिकट (1सेटमा 5 वटा) | 2,660 येन | **3,045 येन** | 385 येन (1प्रति टिकटको 77येन) |

**संशोधन अनुरुप, रेईवा 5 (2023) साल नोभेम्बर महिना पछि, पुरानो शुल्कको फोहोर संकलन टिकट （「हेईसेई 29 (2017) साल अक्टोबरमा संशोधित) भनि लेखिएको टिकट प्रयोग गर्न सक्नु हुनेछैन।**

पुरानो शुल्क फोहोर संकलन टिकट




## पुरानो शुल्कको व्यापारिक सशुल्क फोहोर संकलन टिकट भएकाहरुका लागि

**पुरानो शुल्कको फोहोर संकलन टिकट (हेईसेई 29 (2017) साल अक्टोबरमा संशोधित टिकटहरू) को लागि,「1. नपुग रकम भुक्तानी」वा「2. रकम फिर्ता (भुक्तानी गरेको रकम फिर्ता)」गरिनेछ।**

## 1. नपुग रकम भुक्तानी

रिसेप्शन काउन्टरमा,「पुरानो शुल्क」र「संशोधित पछिको शुल्क」बीचको नपुग रकम तिर्नु भएमा, पुरानो शुल्कको टिकट सँग नयाँ टिकट साट्न सकिनेछ। 1 वटा देखि साट्न सकिनेछ। (नगद भुक्तानी मात्र)

◆ **प्रक्रियाको लागि आवश्यक कुरा : पुरानो शुल्कको फोहोर संकलन टिकट, नपुग नगद रकम**

※ काउन्टरमा आवेदन फारम भराइनेछ।



## 2.　रकम फिर्ता (भुक्तानी गरेको रकम फिर्ता)

व्यापार बन्द गर्नु पर्ने आदि कारण, नयाँ टिकट सँगको नपुग रकम साट्ने कुरा आवश्यक नभएको खण्डमा, रकम फिर्ता (भुक्तानी रकम फिर्ता) गरिनेछ।

रकम फिर्ता, पछिको मितिमा तपाईंको तोकिएको बैंक खातामा रकम स्थानान्तरण गरिनेछ। रिसेप्शन काउन्टरमा नगद फिर्ता हुने छैन।

◆ **प्रक्रियाको लागि आवश्यक कुराहरु :**

**पुरानो शुल्कको फोहोर संकलन टिकट, फोहोर संकलन शुल्क फिर्ताको इनभ्वाइस (रसिद) फारम, बैंक स्थानान्तरण अनुरोध फारम**

(इनभ्वाइस (रसिद) सम्बन्धीका कागजातहरुमा सामान्यतया इनभ्वाइसमा दावीकर्ताको छाप (हान्को) लगाउन अनिवार्य हुनेछ।)

※कागजातहरू हुलाक मार्फत पेश गर्न सकिनेछ। आवश्यक कागजातहरू वार्डबाट पठाइनेछ, कृपया प्रक्रिया गर्नुहोस्।




## 3.　नपुग रकमसँग साटासाट (साट्ने) · रकम फिर्ताको लागि आवेदन दिने अवधि

**<u>रेईवा 10 (2028) साल अक्टोबर 31 (मंगलबार) सम्म</u>**

अवधि सकेपछि, आवेदन स्वीकार गरिने छैन, कृपया ध्यान दिनुहोस्।

### 【 रिसेप्शन काउन्टर / हुलाक ठेगाना 】

● **सुगिनामीकु खान्नक्योउबु गोमी गेनर्योउ ताईसाकुखा फोन : 03-3312-2111 (मूल नं)**

(सुगिनामी कुयाकूस्यो निसितोउ 7 खाइ 4 बान मादोगुची सुगिनामीकु आसागाया मिनामी 1च्योउ मे 15 बान 1 गोउ)

● **सुगिनामी सेइसोउ जिमुस्यो फोन**　03 - 3392 - 7281

(सुगिनामीकु नारिता हिगासी 5 च्योउ मे 15 बान 20 गोउ)

※सुगिनामी सेइसोउ जिमुस्यो होउनान सिस्योउ, कम्बिनी , सुपरमार्केट,

त्यो बाहेक अन्य स्थानहरुमा आवेदन स्वीकार गर्न सकिने छैन।

कृपया, माथि उल्लेखित वार्डको काउन्टरमा प्रक्रिया (आवेदन) गर्नुहोस्।